# सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ढोरचौर, सल्यान
## कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२
च.न.

मिति २०८१/०६/०९ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. गिट्टिबालुवा ढुवानीमा राजश्व असुली सम्वन्धमा ।
२. माझखर्क सामुदायिक स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धमा ।
३. हे.अ.विन्देश्वरी चन्दलाई काजमा लगाउने सम्बन्धमा।
४. कालालेखको सार्वजनिक जग्गा सिद्धेश्वरी स्वास्थ्य चौकी भवन निर्माणमा उपयोग गर्ने सम्बन्धमा ।
५. ठेक्का गरिने योजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा ।
६. आर्थिक सहायता सम्वन्धमा।
७. विविध ।

## प्रस्ताव नं १ गिट्टिबालुवा ढुवानीमा राजश्व असुली सम्वन्धमा ।

**निर्णय नं १:**

सिद्ध कुमाख गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदि तथा खोलाहरुको गिट्टीबालुवा निकासी गर्दा कर्णाली प्रदेश सरकारको आर्थिक ऐन २०८१ बमोजिम प्रति ट्याक्टर रु ४०० का दरले र खोटो तथा अन्य बन पैदावारको गाउँपालिकाको आर्थिक ऐन अनुसार निकासी कर लगाउने र राजश्व संकलन गर्ने व्यक्तिलाई उठेको रकमको २० प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने गरी सम्झौता गर्ने निर्णय गरियो ।

## प्रस्ताव नं २ माझखर्क सामुदायिक स्वास्थ्य इकाई संचालन सम्बन्धमा ।

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिका ५ माझखर्कमा तहाँको वडाबासीलाई स्वास्थ्य सेवाको पहुच विस्तार गर्न सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा संचालन गर्ने र साचालनका लागि आवश्यक पर्ने व्यवस्थापनका सामग्री तथा स्वास्थ्य उपकरणहरु यथासक्य छिटो खरिद गर्ने निर्णय गरियो ।

## प्रस्ताव नं ३ हे.अ.विन्देश्वरी चन्दलाई काजमा लगाउने सम्बन्धमा ।

**निर्णय नं ३:**

खत्याड गाउँपालिका मुगको प.स. २०८१/०८२, च.न. ४०८ को सहमति पत्र र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर सुर्खेतको प.स. ३/१/२०८१/०८२, च.नं ६४८ तथा मिति २०८१/०५/२७ गतेको जानकारी पत्र अनुसार खत्याड गाउँपालिका मुगुमा स्वास्थ्य सेवा ,हे.इ. समुह, सहायकस्तर पाँचौ तह, हेल्थ असिस्टेन पदमा कार्यरत विन्देश्वरी चन्द (क.स. नं. KL0143) लाई प्रचलित कानुन बमोजिमको समायाबधिको लागी तलव भत्ता सिद्ध कुमाख गाउँपालकाबाट नै खाने गरी कामकाजमा लगाउने निर्णय गरियो ।

## प्रस्ताव नं ४ ठेक्का गरिने योजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा ।

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकाको चालु आव २०८१/८२ मा ठेक्का मार्फत कार्यान्वयन हुने तपशिल बमोजिमका योजनाहरुको प्राविधिक सर्भे गर्दा गाउँपालिकाको विनियोजित बजेट भन्दा बढि रकम लागत अनुमान हुन आएकोले हाललाई सोही अनुसारको लागत अनुमान स्वीकृत गर्ने र विनियोजित बजेट भन्दा बढि भएको श्रोत गाउँपालिकाको आगामी गाउँ सभाबाट थप गर्ने गरी श्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

तपशिलः

| सि.न. | योजनाको नाम | विनियोजन बजेट | स्वीकृत लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | ने.रा.मावि छापडाँडा भवन निर्माण वडा नं ५ | ५० लाख | ६०६१७८३.४५ | |
| २ | शान्तिसुन्दर मावि खार्बन भवन तला थप वडा नं ४ | २५ लाख | ३१५५१०८.११ | |
| ३ | हिमालय आवि डाँडाकेटेरी भवन निर्माण वडा नं ३ | ३० लाख | ४७८३५४८.८९ | |
| ४ | सिद्ध मावि भडारे भवन तला थप वडा नं २ | २० लाख | २६०२६९७.०० | |

### प्रस्ताव नं ५ आर्थिक सहायता सम्वन्धमा।

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | श्री देवि कुमारी बुढाथोकी | सिद्ध कुमाख १ मोखला | लाखे नाँच व्यवस्थापन | रु १० हजार |
| २ | कृष्ण गिरी | सिद्ध कुमाख ३ सल्यान | क्यान्सर पिडित भइ उपचार भै रहेको | रु १५ हजार |
| ३ | धनविर चलाउने | सिद्ध कुमाख ३ सल्यान | बाढीका कारण पानी घट्ट पुर्ण रुपमा क्षति | रु १० हजार |
| ४ | निर्मला रेउले | सिद्ध कुमाख ३ सल्यान | चोटपटक लागि उपचार गर्नुपर्ने | रु १० हजार |
| ५ | सरिता बुढाथोकी | सिद्ध कुमाख १ सल्यान | | रु १० हजार |

### प्रस्ताव नं ६ विविध सम्वन्धमा।

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षाकोठामा समय हेर्न तथा गाउँपालिका द्वारा लागु गरिएको कक्षा क्रियाकलाप डाइरी प्रभावकारी गराउन गर्न सबै सामुदायिक विद्यालयका कक्षा ६ देखि १० सम्म प्रत्येक कक्षा कोठाका लागि भित्तेघडी खरिद गरी वितरण गर्ने निर्णय गरियो ।